annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक १११ पृष्ठ ८ | काठमाडौं, सोमबार ३ भदौ २०८१ | श्रावण शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४४ | MONDAY, AUGUST 19, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अर्थतन्त्रको बाह्य क्षेत्र बलियो, आन्तरिक कमजोर

## २० खर्ब नाघ्यो विदेशी विनिमय सञ्चिति, १३ महिनाको आयात धान्ने

आर्थिक वर्ष २०८०/८१ मा समग्र अर्थतन्त्रको अवस्था मिश्रित रह्यो । वर्षभर अर्थतन्त्रको बाह्य क्षेत्र बलियो बन्दै गर्दा आन्तरिक क्षेत्र भने कमजोरमै सीमित भयो । विप्रेषण आप्रवाह बढ्दा मुलुकले विदेशी मुद्रा लक्ष्यभन्दा झन्डै दोब्बर समयावधिलाई वस्तु तथा आयात धान्न सक्ने गरी सञ्चिति बढेको छ । आयात भने खुम्चियो र यसले विदेशी मुद्रा बाहिरिन पनि कम गऱ्यो । तर, आन्तरिक बजारमा माग घट्दा यसको प्रभाव देखिएको हो ।




**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मुद्रास्फीति<br>५.४४% | तलब तथा ज्यालादर सूचकांकमा वृद्धि<br>५.०९% | कुल वस्तु निर्यात<br>१५२ अर्ब ३८ करोड<br>(३% ले कमी) | कुल वस्तु आयात<br>१५९२ अर्ब ९९ करोड<br>(१.२% ले कमी) | कुल वस्तु व्यापार घाटा<br>१४४० अर्ब ६० करोड<br>(१% ले कमी) | खुद सेवा आय<br>५५ अर्ब ८६ करोड<br>ले घाटामा | विप्रेषण आप्रवाह<br>१४४५ अर्ब ३२ करोड<br>(१६.५% ले वृद्धि) | चालु खाता<br>२२१ अर्ब ३४ करोड<br>ले बचतमा | खुद प्रत्यक्ष वैदेशिक लगानी<br>८ अर्ब ४० करोड |
| शोधनान्तर स्थिति<br>५०२ अर्ब ४९ करोड<br>ले बचतमा | कुल विदेशी विनिमय सञ्चिति<br>२०४१ अर्ब १० करोड | सरकारको वित्त स्थिति<br>३८२ अर्ब ८ करोड<br>ले घाटामा | सरकारको खर्च<br>१४०८ अर्ब २ करोड | राजस्व संकलन<br>१०५८ अर्ब ९० करोड | सरकारले आन्तरिक ऋण परिचालन<br>२३४.४२ अर्ब | निक्षेप<br>७४२ अर्ब३७ करोड<br>(१३% ले वृद्धि) | निजी क्षेत्रमा प्रवाहित कर्जा<br>२७६ अर्ब ९४ करोड<br>(५.८% ले वृद्धि) | धितोपत्र बजारको पुँजीकरण<br>३५५३ अर्ब ६८ करोड |

समाचार पृष्ठ २

## कर्मचारी अभावमा अल्झिएको न्यायिक समिति



**रमादेवी राई**

इजलास

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका राज्यका तीन महत्वपूर्ण अंगहरू हुन्। कुनै पनि सरकारमा व्यवस्थापिका र कार्यपालिका प्रबल भए पनि न्यायपालिका कमजोर भए शक्ति सन्तुलन हुन सक्दैन। तसर्थ यी तीनै पक्षहरूलाई समेटेर लैजाने दायित्व पाएको स्थानीय तहका न्यायिक समितिहरू यतिबेला दक्ष कानुनी कर्मचारी अभावमा थलिएका छन्।

प्रशासक नहुँदा न्यायिक समितिहरूको दैनिकजसो कार्यसम्पादनमा अन्योलता छ। अदालती प्रक्रिया तथा मुद्दा मामिलाका कामकारबाही पूरा गर्ने त्यस्ता कानुनी परामर्शदाता नहुनुले न्यायिक समितिको कामहरू सुस्ताएका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को न्यायिक समितिको दफा ४७ को उपदफा (१) र (२) का उजुरी, मुद्दाहरू लेख्ने काम उजुरी प्रशासक वा कानुनी परामर्शदाताको हो। तर, कर्मचारीकै अभावमा कैयौं उजुरी, मुद्दाहरूलाई समयमै किनारा लगाउन सकिने अवस्था छैन।

कोशी प्रदेश सरकारसँग पनि प्रदेशभरिका न्यायिक समितिहरूमा कानुन विधाका स्थायी कर्मचारीको दरबन्दी पठाउनुपर्ने माग गरेका छौं। न्यायिक समितिले एक वर्षसम्मका जेलसजाय भोग्ने किसिमको फौजदारी र देवानी आचारसहिंताविरुद्धका मुद्दा तथा उजुरीहरू ३ महिनाभित्र निरुपण गर्नुपर्ने प्रावधान भए पनि कर्मचारी नहुँदा ती कामहरूमा पूरा गर्न सकिएको छैन।

अझै पनि दूरदराजका ग्रामीण परिवेशका न्यायिक समितिहरूमा कानुनी परामर्शदाता छैन। भएका सबै कामचलाउ अस्थायी प्रकृतिका छन्। स्थायी दरबन्दीका कर्मचारी माग गर्दा माथिबाटै दिँदैनन्। पठाइएका स्थायी दरबन्दीका कर्मचारीहरू पनि विभिन्न बहानामा छिटोछिटो सरुवा लिएर जाने प्रवृत्तिले न्यायिक समितिको कामकारबाहीमा सास्ती थपिँदै आएको छ।

*(राई भोजपुरको टेम्केमैयुङ गाउँपालिकाकी उपप्रमुख हुन्।)*

# सर्वोच्चद्वारा मानव तस्करीसम्बन्धी उचित र पूर्णकानुनी प्रावधान गर्न ध्यानाकर्षण

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले मानव बेचबिखन, ओसारपसार र मानव तस्करी झट्ट सुन्दा उस्तै प्रकृतिका कसुर लागे पनि यी कसुरहरू फरक-फरक भएको व्याख्या गर्दै मानव तस्करीसम्बन्धी उचित र पूर्णकानुनी प्रावधान गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

न्यायाधीश हरिप्रसाद फुयाँल र विनोद शर्माको संयुक्त इजलासले मानव तस्करी सम्बन्धमा उपयुक्त पूर्ण र स्पष्ट कानुनी व्यवस्थाको प्रबन्ध गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराएको हो। मानव बेचबिखन, मानव ओसारपसार, मानव तस्करीसम्बन्धी कसुरका प्रकृति तथा मानव तस्करीसम्बन्धी पूर्ण र उचित कानुनी व्यवस्था गर्न एवं अनुसन्धान, अभियोजन गर्दा विशेष ध्यान पुऱ्याउन र वैदेशिक रोजगारसम्बन्धी प्रोटोकल अनुमोदन गर्न ध्यानाकर्षण गराउँदै फैसला गरेको हो। ज्याला मजदुरी गर्ने महिलालाई बाँकेको नेपालगञ्ज हुँदै भारतको रुपैडिहातर्फ लैजाँदै गर्दा जोगिएका महिलाको जाहेरीले सरकार वादी भएको मुद्दामा सर्वोच्चले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएको हो।



'यी कसुरहरूबीच तात्विक भिन्नता देखिन्छ। र, ती भिन्नता मूलरूपमा तीन पक्षमा प्रष्ट देखिन्छन्, कार्य, माध्यम र उद्देश्यमा। यी तीनै पक्ष बेचबिखन, ओसारपसार र तस्करीका आयाममा उत्तिकै महत्वपूर्ण छन् तर फरक दृष्टिकोणबाट,' फैसलाको पूर्णपाठमा भनिएको छ, 'नेपालमा मानव तस्करीसम्बन्धी पूर्ण कानुन नहुँदा यसकिसिमका मुद्दाहरू दर्ता हुन सकेको देखिँदैन।

पूर्ण र स्पष्ट कानुन नहुँदा यस्ता घटनालाई सिधै मानव तस्करीमा मुद्दा चलाउन सकिने अवस्थासमेत देखिँदैन। परिणाम स्वरूप, मानव तस्करीका घटनालाई पनि मानव बेचबिखन, मानव ओसारपसार, ठगी वा मानव तस्करी के कस्तो प्रकृतिको कसुर हो भन्ने यकिन गरेर मात्र मुद्दाको अनुसन्धान गर्नु र प्रतिवेदन पेस गर्नु नेपाल प्रहरीको कर्तव्य हो भने कसुरको यकिन गरेर मात्र मुद्दा चलाउनु महान्यायाधिवक्ताको कार्यालय अर्थात् सरकारी वकिलको दायित्व हो।' मानव बेचबिखन, ओसार पसार तथा मानव तस्करीबीचमा कार्य, माध्यम र उद्देश्यमा फरक रहेको फैसलामा उल्लेख छ।

» बाँकी पृष्ठ ६

## परराष्ट्रमन्त्री राणाले आज मोदीलाई भेट्ने





**काठमाडौं** (अन्नपूर्ण) : परराष्ट्र मन्त्री डा.आरजु राणा देउवा आइतबार ५ दिने भारत भ्रमणको लागि गएकी छन्। डा. राणाको सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता हुने भएको छ। भारतस्थित नेपाली दूतावास स्रोतका अनुसार दिल्लीस्थित हैदरावाद हाउसमा भेटवार्ता तय भएको भएको छ ।

सोमबार साँझ राणा र मोदीबीच भेटवार्ता हुनेछ। भेटवार्तामा मन्त्री डा. राणाले प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट भारतीय समकक्षी नरेन्द्र मोदीलाई नेपाल भ्रमणको औपचारिक निम्तो हस्तान्तरण गर्नेछिन्।

» बाँकी पृष्ठ ६

# आज जनैपूर्णिमा, गोसाइँकुण्डमा विशेष मेला

**हेमनाथ खतिवडा** | *रसुवा*

प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा परिचित रसुवाको गोसाइँकुण्डमा साउन शुक्ल पूर्णिमा (जनैपूर्णिमा) का दिन भब्य मेला लाग्दै छ। गोसाइँकुण्ड क्षेत्र विकास समितिले बर्सेनि झैं यस वर्षको जनैपूर्णिमाको अवसरमा धार्मिक तथा पवित्र तीर्थस्थल गोसाइँकुण्डमा लाग्ने मेलाको बिभिन्न उपसमितिहरू बनाएर व्यवस्थापन गरेको छ। हरेक वर्ष पुत्रदा एकादशीदेखि साउन शुक्लपूर्णिमा अर्थात् जनैपूर्णिमाका दिनसम्म गोसाइँकुण्ड मेला लाग्दछ।

गोसाइँकुण्ड गाउँपालिका-५ मा पर्ने गोसाइँकुण्डमा टाढाबाट आउने भक्तजनलाई यात्रा सहज बनाउन खानेपानी तथा सरसफाइ, स्वास्थ्य, प्रचार-प्रसार, वातावरण, स्वयंसेवक, आर्थिक व्यवस्थापन, अनुगमन, यातायात व्यवस्थापन र दररेट निर्धारण गरी १३ वटा उपसमिति गठन गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डीएमले बताए। यस वर्ष १५ हजार भक्तजन आउने अनुमान गरिएको छ। कालीकास्थानका २५ जनाको समूहले उत्तरगयादेखि गोसाइँकुण्ड कलशयात्रा गरे भने पार्वती कुण्ड, लाङटाङको लाङससाखर्कमा पनि भव्य मेला लागेको छ।

पौराणिक कथनअनुसार परापूर्व कालमा देवता र दानवबीच लडाइँमा समुद्र मन्थनबाट उत्पन्न कालकुट विष सेवन गरी विषको डाह शान्त गर्न हिमालय खण्डको काखमा भगवान्



**पवित्र तीर्थस्थल गोसाइँकुण्डमा स्नान गर्दै यात्री।** ● हेमनाथ खतिवडा

शिवशंकरले आफ्नो हातमा भएको त्रिशूलले भित्तामा हिर्काए। त्यसो गर्दा भित्ताबाट गंगाजल अर्थात् त्रिशूल धाराको उत्पति भई त्रिशूल धाराको पानीबाट जम्मा भएर गोसाइँकुण्ड बनेको जनविश्वास छ। कुण्डमा स्नान गरी गोसाइँ बाबा भगवान् शिवको दर्शन गर्नाले जीवनभर गरेको पापबाट मुक्ति पाइने, पितृलाई मोक्ष मिल्नुका साथै आफूले चिताएको सबै मनोकांक्षाहरू पूरा हुने धार्मिक विश्वास छ।

काठमाडौंको बालाजुबाट नुवाकोटको बिदुर हुँदै रसुवाको सदरमुकाम धुन्चे ( १ सय १८ किमी टाढा ) पुग्न सकिन्छ। पैदल यात्रा गर्दा डेढदेखि २ दिनको पैदलयात्रा गरी चन्दनबारी, चौलाङपाटी, लौरीविनायकका रमणीय दृश्यावलोकन गर्दै गोसाइँकुण्ड पुग्न सकिन्छ। रसुवाको हिमाली क्षेत्रमा १०८ कुण्ड रहेको विश्वास गरिएको छ। समुद्री सतहदेखि ४ हजार ३ सय ८० मिटरको उचाइमा गोसाइँकुण्ड अवस्थित छ। २०६३ सालमा विश्व सम्पदा सूची तथा सिमसार क्षेत्रमा सूचीकृत गोसाइँकुण्ड लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्छ।

समुद्री सतहदेखि ४ हजार ३ सय ८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डको लम्बाइ ६ सय मिटर छ भने चौडाइ ३ सय ७० मिटर छ र १८ दशमलव ३ मिटर गहिराइ छ।

पैदल यात्राका सौखिन र धर्ममा आस्था राख्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बर्सेनि बढ्दो छ। यस क्षेत्रको विकास सरकारले उच्च प्राथमिकतामा पार्नु आवश्यक रहेको स्थानीय बताउँछन्। घट्टेखोला, देउराली, चन्दनवारीस्थित सिङ्गोम्पा बुद्धको विशाल मूर्ति, दिम्सा, चोलाङपाटी, लौरीविनायक, जस्ता मनोरम दृश्यहरू देखिने स्थानहरू यसको पैदल मार्गमा पर्छन्। सदरमुकाम धुन्चेसम्मको बसको यात्रा गरेर २ दिनको पैदल यात्रापछि यहाँ पुग्न सकिन्छ। मेलामा वैकल्पिक मार्गका रूपमा राजधानीबाट सुन्दरीजलको र सिन्धुपाल्चोक र यार्साको लेक हुँदै हजारौं तीर्थयात्री गोसाइँकुण्ड आउने गर्छन्। वृद्धवृद्धाहरू र कतिपय हिँड्न नसक्नेहरूले घोडामा सयर गरेर यात्रा पूरा गरेका छन्। यस वर्ष स्याउबारी लौकिल, जुरेढुंगाको बाटो भएर पनि स्थानीय यात्री गोसाइँकुण्ड पुगेका छन्।

### ५ ठाउँमा स्वास्थ्य शिविर

जनैपूर्णिमाका दिन लाग्ने विशेष मेलाका लागि यात्रीलाई पर्न सक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गरी बाटोमा पाँच स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरिने भएको छ।